# रेइवा 6 साल निवासी कर छुट प्राप्त परिवारको लागि आपतकालीन सहयोग भत्ता(30,000येन/बालबालिकाको लागि थप भत्ता) सम्बन्धि सूचना

मूल्य वृद्धिको कारण खर्च बढेकोले यसले घर खर्चलाई धेरै असल भएको निवासी कर छुट प्राप्त एउटा परिवारको लागि 30,000येन भुक्तानी गरिनेछ। त्यसको साथै योग्य परिवारहरूमध्ये 18 वर्ष वा सो भन्दा कम उमेरका बालबालिका भएका परिवारको लागि 1 जना बालबालिकाको लागि 20,000येन थापर भुक्तानी गरिनेछ।

यो सूचना पठाइएको समयमा भुक्तानीको लागि योग्य हुनसक्ने परिवार (समीक्षाको नतिजाको आधारमा, भुक्तानी नगरिन पनि सक्छ) लाई पठाइएको हो । सँगै पठाइएका संलग्न पत्र पनि निश्चय गरी पछाडिको दायाँतिर रहेको प्रतिज्ञा र सहमतिका बुँदाहरू पूरा गर्ने परिवारहरूले माथि दिइएको म्याद सम्ममा रकम प्राप्त गर्ने प्रक्रिया गर्नुहोस्। साथै, आवेदन फारम पेश गरेमा, तपाईंले पछाडि सूचीबद्ध गरिएका वाचा र सहमतिका बुँदाहरू मा सहमत भएको मानिनेछ।

| | | |
|---|---|---|
| रकम भुक्तानीको दायरा | 30,000येन | **<u>रेइवा 6 डिसेम्बर 13 तारिखमा</u>** नागोया महानगरपालिकामा निवासी दर्ता भएको, अनि परिवारका सबै सदस्यहरूले रेइवा 6 सालको निवासी करमा छुट प्राप्त परिवार<br>तथापि निवासी कर लगाइएको व्यक्तिको कर कानून अन्तर्गत पालिएको आफन्तहरू मात्रले बनेको परिवार यसको आदि लक्षित हुनेछैन।<br>(उदाहरण) • कर लगाइएको बुबा/आमाले पालेको कर छूट प्राप्त एक्लै बस्ने विद्यार्थी<br>• कर लगाइएको छोरा/छोरीले पालनपोषण गरेको कर छुट प्राप्त बुबा/आमाको परिवार |
| | बालबालिका-हरूको लागि थप रकम | 30,000येन प्राप्त गर्ने दायरामा पर्ने परिवारहरू मध्ये, 18 वर्ष वा सो भन्दा मुनिका (हेइसेइ 18 साल अप्रिल 2 तारिख मा वा सो भन्दा पछि जन्मिएका) बालबालिका भएका परिवारहरू<br>***बालबालिका को लागि थप रकम बारे जानकारीको लागि कृपया पछाडिको पृष्ठ हेर्नुहोस्।** |
| रकम प्राप्त गर्ने व्यक्ति | | घरको प्रमुख *आवेदनपत्र पेस गरेपछि रकम ट्रान्सफरसम्म लगभग **<u>1 महिना जति</u>** लाग्नेछ। |
| भुक्तानी गरिने रकम | | **एक पटक मात्र भुक्तानी**<br>एउटा परिवारको लागि **30,000येन** ＋ 1 जना बालबालिकाको लागि **20,000येन** |
| रकम प्राप्त गर्नको लागि प्रक्रिया | | 1. आवेदन फारम यसमा भएको काट्ने लाइन अनुसार काट्नुहोस्।<br>2. आवेदन फारममा आवश्यक विवरण लेखेर आवश्यक कागजातहरू सँगै फिर्ता पठाउने खाममा हालेर हुलाक पोस्ट बाकसमा खासाल्नुहोस्।<br>आवेदन फारममा लेख्ने तरिकाबारे “आवेदन फारम भर्ने तरिका” हेर्नुहोस्।<br>आवश्यक कागजातहरू आवेदन फारमको पछाडिको पाना हेर्नुहोस्। |

## <वाचा तथा सहमति विवरण> *निश्चित गर्न नछुटाउनुहोस्

म रेइवा 6 साल निवासी कर छुट प्राप्त परिवारको लागि आपतकालीन सहयोग भत्ता(30,000 येन/बालबालिकाको लागि थप भत्ता) आवेदन फारम पेश गर्दा तल उल्लेख गरिएका विवरणहरूबारे सम्झौता गर्नेछु/सहमत छु।

(1) म रेइवा 6 साल निवासी कर छुट प्राप्त परिवारको लागि आपतकालीन सहयोग भत्ता (30,000येन/बालबालिकाको लागि थप भत्ता)(अबदेखि यसलाई "भत्ता" भानिनेछ।) प्राप्तको लागि योग्यता पूरा गरेको छु।

(2) मेरो परिवारमा निवासी कर (आयमा आधारित कर) लाग्ने आय हुँदा हुँदै पनि आयव्यय विवरण पेस नगरेको व्यक्ति छैन।

(3) मेरो परिवार निवासी कर लागिरहेको व्यक्तिको कर ऐन अन्तर्गतको पालनपोषण (डिपेन्डेन्ट) नातेदार आदिले मात्र बनेको परिवार होइन।

(4) मेरो परिवारमा कर सन्धि अन्तर्गतको छुट प्राप्त गरिरहेको व्यक्ति छैन।

(5) अनुदान रकम प्राप्त गर्नको लागि पुरा गरेको हुनुपर्ने सर्तहरू पुरा गरेको छ वा छैन जस्ता छानबिन आदि गर्नको लागि आवश्यकता अनुसार नागोया सहरले आधारभूत निवासी दर्ता पन्जिकाको जानकारी, कर जानकारी जस्ता प्रशासनिक रेकर्डहरू आदि निश्चय गर्ने र नागोया सहरलाई आवश्यक पर्ने कागजात प्रदान गर्न अन्य प्रशासनिक निकाय आदि सँग माग गर्ने र प्रदान गर्ने कुरासँग सहमत छु ।

(6) प्रशासनिक रेकर्डहरू आदिमा निश्चय गर्न नसक्ने खण्डमा, म सम्बन्धित कागजातहरू पेस गर्नेछु।

(7) म नागोया महानगरपालिकाले भुक्तानीको निर्णय जारी भएपछि आवेदन फारममा पूर्ण विवरण नलेखिएको जस्ता कारणहरूले गर्दा खातामा स्थानान्तरणको प्रक्रिया पूरा नभएको, साथै रेइवा 7 अप्रिल 30 तारिखसम्ममा नागोया महानगरपालिकाले प्राप्त गर्ने व्यक्तिसित सम्पर्क/पक्का गर्न नसक्ने खण्डमा आवेदकले यस आवेदन फारम पेश गर्न रद्द गरेका छन् भनेर नागोया महानगरपालिकाले ठान्नेछ भन्ने कुरामा सहमत हुनेछु।

(8) अनुदान रकम भुक्तानी पछि यो आवेदनपत्रमा लेखिएका कुराहरू झूटो भएको कुरा पत्ता लागेमा वा अनुदान रकम प्राप्त गर्नको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू पूरा नगरिएको कुरा पत्ता लागेमा, म यो अनुदान रकम फिर्ता गर्नेछु।

(9) आवेदनपत्रमा लेखिएको व्यक्तिगत जानकारीलाई यस सहरले कडाइका साथ व्यवस्थापन गर्नुका साथै यस सहरको भुक्तानी उद्देश्य बाहेकका कुराहरूमा प्रयोग नगर्ने कुरा र सम्बन्धित जानकारी 5 वर्षको अवधि भण्डारण गर्ने कुरासँग म सहमत छु।

(10) मैले पहिले नै अर्को नगरपालिकाबाट समान प्रकारको अनुदान रकम प्राप्त गरेको छैन।

# जानकारी भर्ने तरिका

• लेख्दा गल्ती भएमा गल्तीलाई दुई वटा धर्को तानेर काटेपछि, खाली ठाउँमा सही जानकारी लेख्नुहोस्।

पछाडिको पृष्ठ पनि पढ्नुहोस्।

**आवेदनपत्रको 1 देखि 4 मा बलपेन आदिको कालो मसीले लेख्नुहोस्। मेटिने बलपेन प्रयोग नगर्नुहोस्।**

令和６年度住民税非課税世帯向け
緊急支援給付金（３万円・こども加算）申請書（請求書）

| 申請額 |
| --- |
| |

(宛先) 名古屋市長
裏面記載の誓約・同意事項に同意の上、申請します。

**1 申請・請求者** 世帯主の氏名等を記入してください。

| 世帯主の氏名 | 申請日 | 令和７年 ４ 月 １ 日 |
| --- | --- | --- |
| 名古屋　太郎 | 日中に連絡可能な番号 電話番号 | 090 － 1111 － 1111 |
| 住所 | | |
| | | |

**2 支給対象世帯**

| | 対象世帯員氏名 | 生年月日 |
| --- | --- | --- |
| 世帯主（申請者） | 名古屋　太郎 | 平成〇年〇月〇日 |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**3 振込先口座** (1) または (2) のいずれか一つを記入してください。

いずれか一つ

(1) 金融機関（ゆうちょ銀行を除く）

| 金融機関名 | 支店名 | 分類 | 口座番号 | 口座名義（カナ） |
| --- | --- | --- | --- | --- |
| はちまる銀行 | なごや支店 | (1. 普通) 2. 当座 | 1111111 | ナゴヤ　タロウ |

(2) ゆうちょ銀行

| ゆうちょ銀行 | (通帳) 記号 | (通帳) 番号 | 口座名義（カナ） |
| --- | --- | --- | --- |
| 通帳・キャッシュカードの［記号・番号］を記入 | 12110 | 11111111 | ナゴヤ　タロウ |

①受取口座を確認できる書類（通帳やキャッシュカードのコピー）を添付してください。
②世帯主または世帯員以外の口座に振込を希望する場合は、**裏面の「4 代理受給を行う場合」への記入が必要**です。

※金融機関で口座が作れない等、どうしても口座による受取ができない方は、名古屋市コールセンター（☎050-3135-3260）にお問い合わせください。

**裏面もご確認ください**

事務局使用欄(記入不要)

1 पेस गर्ने दिनको मिति लेख्नुहोस्।

2 परिवारको मुख्य व्यक्तिको थर नाम लेख्नुहोस्।
*रकम लिन अस्वीकार गर्ने खण्डमा हस्ताक्षर गर्ने ठाउँमा "अस्वीकार" भनेर लेखी फिर्ता पठाउनुहोस्।
आवेदनपत्रको विवरण अपर्याप्त आदि भएको खण्डमा फोनद्वारा निश्चय गरिने अवस्थाहरू हुने हुनाले अनिवार्य रुपमा सोमबार ~शुक्रबार 9:00~17:00 बीचको समयमा सम्पर्क हुने फोन नम्बर (सम्भव भएमा मोबाइल फोन नम्बर) लेख्नुहोस्।

3 रकम भुक्तानीको दायरामा पर्ने परिवारको सदस्यको नाम र जन्ममिति निश्चय गर्नुहोस्।


4 परिवारको मुख्य अथवा परिवारका सदस्यहरूको खाताको विवरण लेख्नुहोस्।
परिवारको मुख्य व्यक्ति अथवा परिवारका सदस्यहरू बाहेक अरू व्यक्तिको खातामा स्थानान्तरण गरिन चाहेको खण्डमा आवेदन फारमको पछाडिको पानामा भएको "4 प्रतिनिधिले भुक्तानी प्राप्त गर्ने खण्डमा" पनि सँगै लेख्नुहोस् (फोन नम्बर सदा दिनको बिहान 9 बजे देखि साँझ 5 बजे सम्म प्रतिनिधि हुने व्यक्तिसित सम्पर्क गर्न सक्ने नम्बर हुनु पर्छ)।

[प्रतिनिधिको रूपमा भुक्तानी प्राप्त गर्न सक्ने व्यक्तिहरू]
1. नजिकका नातेदार
2. कानूनी प्रतिनिधि (वयस्क अभिभावक, क्यूरेटर, सहायक)
3. अन्य (लाभार्थीसँग प्रतिनिधित्व सम्झौता भएको व्यक्ति (ग्यारेन्टी संस्था आदि))
*यदि तपाईं माथि दिइएको [3. अन्य] मा पर्नुहुने व्यक्ति हुनुहुन्छ भने कृपया कल सेन्टर (☎050-3135-3260) मा सम्पर्क गर्नुहोस् ।
*प्रतिनिधि मार्फत भुक्तानी प्राप्त गर्न चाहेको खण्डमा परिवारको मुख्य व्यक्ति तथा प्रतिनिधिको आफैले पक्का गरेको कागजातहरूको प्रतिलिपि (ड्राइभिङ लाइसेन्स,स्वास्थ्य बीमा कार्ड आदि) र परिवारको मुख्य व्यक्तिसितको सम्बन्ध पुष्टि गर्न सक्ने कागजातहरूको प्रतिलिपि पेश गर्नु आवश्यक छ।

(1) वित्तीय संस्था (जापान पोस्ट बैंक बाहेक)

**बैंक** (जापान पोस्ट बैंक बाहेक) **वा सिन्किन बैंक जस्ता वित्तीय संस्थाको खाता निर्दिष्ट गर्ने (लेख्ने) खण्डमा**

बैंक (जापान पोस्ट बैंक बाहेक) र सिन्किन बैंक जस्ता बैंकहरू पासबुक खोलेको अवस्थाको तस्बिर





खातावालाको नाम
वित्तीय संस्थाको नाम र शाखाको नाम
खाताको प्रकार र खाता नम्बर

*बैंकको पासबुकको डिजाइन बैंक अनुसार फरक हुनेछ।

(2) जापान पोस्ट बैंक

**जापान पोस्ट बैंकको खाता निर्दिष्ट गर्ने (लेख्ने) खण्डमा**

जापान पोस्ट बैंक　पासबुक खोलेको अवस्थाको तस्बिर




संकेत नम्बर र नम्बर
खातावालाको नाम

*बैंकको पासबुकको प्रतिलिपि(बैंको पासबुकको सबैभन्दा अगाडिको पाना पल्टाएको पाना आदि) अथवा ATM कार्डको प्रतिलिपि जस्ता खाता स्थानान्तरण गरिने खाता पुष्टि गर्न सक्ने कागजातहरू सँगै पठाउनुहोस्।